केदारस्यूँ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ३ मितिः २०७८।१२।०१

## भाग-१

### केदारस्यँ गाउपालिकामा जलस्रोतको सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन :

**प्रस्तावना**ःनेपालको संविधान,स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानून वमोजिम स्थानीय तहलाई जलस्रोत तथा जलाधार,भूसंरक्षण,मुहान संरक्षण,खानेपानी,सिचाई,साना जलविद्युत,जल उपयोग एवं प्राकृतिक स्रोतको उपयोग एवं व्यवस्थापन सम्वन्धमा केदारस्युँ गाउपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग संरक्षण,व्यवस्थापन र विकास गर्न एवं जलस्रोत लाभदायक उपयोगहरुको निर्धारण गर्न त्यस्तो उपयोगवाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्न एवं जलस्रोतलाई प्रदुषण मुक्त राख्ने कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले केदारस्युँ गाउपालिका प्रशासकीय कार्यविधिनियमित गर्ने ऐन,२०७८ बमोजिम गाउकार्यपालिकाले केदारस्युँ गाउपालिका जलस्रोत ऐन,२०७८जारी गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

१.यो ऐनको नाम केदारस्युँ गाउपालिका जलस्रोत ऐन २०७८ रहेको छ ।

२.यो ऐनराजपत्रमा प्रकाशन भएपछी प्रारम्भ हुनेछ ।

**२.परिभाषा**ःविषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क)"जलस्रोत" भन्नाले केदारस्युँ गाउपालिका क्षेत्रभित्रको भू सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्दछ ।

(ख)"लाभदायक उपयोग" भन्नाले साधन र स्रोतले भ्याए सम्म उचित रुपले गरिएको जलस्रोतको उपयोग सम्झनु पर्दछ ।

(ग)"अनुमति प्राप्त व्यक्ति" भन्नाले नियमावलीको दफा ८ वमोजिम अनुमति प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनु पर्दछ ।

(घ)"उपभोक्ता संस्था" भन्नाले दफा ५ बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनुपर्छ ।

(ङ)"तोकिएको वा तोकिएकोबमोजिम"भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

**३.जलस्रोत स्वामित्वः**

केदारस्यूँ गाउँपालिका

(१)केदारस्युँ गाउपालिका भित्र रहेको जलस्रोतको स्वामित्व गाउपालिकाकामा निहित रहने छ ।
२)प्रचलित संघिय, प्रदेश तथा गाउपालिकाकाको कानुन वमोजिम गाउपालिकाकाको जलस्रोतको उपयोग तथा व्यस्थापन गर्ने अधिकार गाउपालिकाकामा रहने छ ।

**४.जलस्रोत उपयोगः** (१)यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउनेछैन ।
(२)उपदफा(१)मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमति लिनुपर्ने छैन ।
(क) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगका लागि उपयोग गर्न ,
(ख) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो जग्गाको सिंचाइ गर्न ,
(ग) घरेलु उद्योगको रुपमा पानीघट्ट वा पानीचक्की चलाउन ,
(घ) व्यक्तिगत रुपमा स्थानीय आवागनको लागि डुङगाको प्रयोग गर्न ,
(ङ) जग्गाधनीले आफ्नो जग्गा भित्र मात्र सीमित रहेको जलस्रोत तोकिए बमोजिम उपयोग गर्न ,
(३) जलस्रोत उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ ।

**५.जल उपभोक्ता संस्थाको गठनः**
(१)सामुहिक लाभको लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन ।
(२) उपदफा (१) बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई गाउपालिकाका जलस्रोत समिति समक्ष दर्ता गराउनु पर्नेछ ।
(३) उपदफा (२) बमोजिम जल उपभोक्ता संस्था दर्ता गर्न देहाय बमोजिम गर्नुपर्नेछ ।
(क) पदाधिकारी तथा सदस्य समेत गरी कम्तीमा सात जनाको उपभोक्ता संस्था गठन भएको,
(ख) संस्थाको विधान एक प्रति,
(ग) अनुसूची १बमोजिमको निवेदन,
(घ) आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर,

**६.उपभोक्ता संस्था संगठित संस्थाहुने :**(१) उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।
(२)उपभोक्ता संस्थाको सवै कामकारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।
(३)उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, वेच विखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्नेछ ।
(४)उपभोक्ता संस्थाले व्यक्ति सरहउजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामवाट नालिस उजुर लाग्न सक्नेछ ।

**७.जलस्रोत उपयोगको प्राथमिकताक्रमः**(१) जलस्रोत उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछ ।
(क) खानेपानी र घरेलु उपयोग,
(ख) सिंचाइ
(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,
(घ) जलविद्युत्त
(ङ) घरेलु उद्योग,औद्योगीक व्यवसाय तथा खानीजन्य उपयोग

केदारस्युँ गाउँपालिका

(च) जल यातायात,

(छ) आमोद प्रमोदजन्य उपयोग,

(ज)अन्य उपयोग

(२) जलस्रोत उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा तोकिएको समितिले उपदफा १ को प्राथमिकताक्रम दफा ४ को उपदफा ३ बमोजिम जलस्रोतको लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचवुझ समेत गरी सोको आधारमा सम्वन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ ।

(३) उपदफा(२) बमोजिम तोकिएको समितिले निर्धारण गरेको कुरा सम्वन्धित सवैलाई मान्य हुनेछ ।

(४) उपदफा (२) बमोजिम तोकिएको समितिले सोही उपदफामा उल्लेखित कुराको निर्धारण गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिए वमोजिम हुनेछ ।

८. **अनुमतिपत्रको व्यवस्थाः**(१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्वन्धित विषयको आर्थिक प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए वमोजिमको विवरणहरु खुलाई तोकिएको अधिकारी वा निकाय समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनपर्नेछ । तर जलस्रोतको सर्वेक्षणको अनुमतिपत्रको लागि दरखास्त दिदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्नेछैन् ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्तमा तोकिएको अधिकारी वा निकाय ले आवश्यक जाँचवुझ गरी दरखास्त परेको मितिले जलस्रोत सर्वेक्षणको अनुमतिपत्रको हकमा तीस दिन भित्र र जलस्रोत उपयोगको अनुमतिपत्रको हकमा १२० दिन भित्र तोकिए बमोजिमको ढाँचामा आवश्यक शर्तहरु तोकी दफा ७ को उपदफा १ मा उल्लेखित प्राथमिकताक्रम अनुसार दरखास्तवालालाई अनुमतिपत्र दिनुपर्नेछ ।

(३) दफा ४ को उपदफा (२) बमोजिम हुनेमा बाहेक यो ऐन प्रारम्भ हुनुभन्दा अगावैदेखिजलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा सङ्गठित संस्थाले पनि तोकिएको विवरण सहित यो ऐनप्रारम्भ भएको मितिले एक वर्षभित्र तोकिएको अधिकारी वा निकाय समक्ष अनुमतिपत्रको लागिदरखास्त दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको दरखास्तमा तोकिएको अधिकारी वा निकायले आवश्यकजाँचबुझ गरी दरखास्त परेको मितिले साठी दिनभित्र तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्रदिनुपर्नेछ ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत नगरपालिकालाई तोकिएबमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनुपर्नेछ ।

(६) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाईहस्तान्तरण गर्नु परेमा तोकिएको अधिकारी वा निकायबाट तोकिएबमोजिम स्वीकृति लिनुपर्नेछ ।

९. **जलविद्युत्तको लागि जलस्रोतको उपयोगः**(१) दफा ८ मा जुनसुकै कुरा लेखिएको भएता पनि जलविद्युत्त उत्पादन गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्वन्धमा प्रचलित कानुन बमोजिम हुनेछ

(२) जलविद्युत उत्पादन गर्ने सिलसिलामा जलस्रोतको उपयोग सम्वन्धि अन्य कुराहरु यसै ऐन बमोजिम हुनेछन ।

१०.**गाउपालिकाकाले जलस्रोतको उपयोग वा विकास गर्न सक्नेः**(१) गाउपालिकाका आफैले कुनै जलस्रोतको उपयोग वा विकास गर्न यस ऐनको कुनै कुराले बाधा पुर्याएको मानिने छैन ।

(२) कसैले यस ऐन बमोजिम उपयोग गरेको जलस्रोत र सो संग सम्वन्धित जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक उपयोगका लागि गाउपालिकाकाले आफुले लिई विकास गर्न सक्नेछ ।

**स्पष्टीकरण :** यस ऐनको प्रयोजनको लागि “व्यापक सार्वजनिक उपयोग” भन्नाले भैरहेको उपयोगबाटलाभान्वित भएका जनसंख्यालाई उल्लेखनीय प्रतिकूल असर नपारी सो भन्दा बढी जनसंख्यालाई लाभहुने उपयोगलाई जनाउनेछ ।

(३) उपदफा (२) बमोजिम आफुले लिएको जलस्रोतको उपयोग गर्दा सम्वन्धित जग्गा भवन वा संरचना

वापत गाउपालिकाकाले सम्वन्धित व्यक्तिलाई तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ ।

(४) उपदफा (३) बमोजिम दिइने क्षतिपूर्तिको रकम उपदफा (२) बमोजिम नेपाल सरकार, प्रदेश सरकार, गाउपालिकाकाले लिएको जग्गा भवन उपकरण तथा संरचनाको वर्तमान मूल्य त्यसमा भएको टुटफुट र साधारण प्रयोगवाट भएको ह्रास कटाईको आधारमा निर्धारित गरिने छ ।

**११. जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्नेः** (१) गाउपालिकाकाले दफा १० को उपदफा (१) वा (२) बमोजिम विकास गरेको कुनै जलस्रोत सम्वन्धि परियोजनाको निर्माण समाप्त भइसकेपछी आवश्यक शर्तहरु तोकी हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्वन्धीत उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधिनमा रही आफुले अनुमति प्राप्त गरे सरह सो परियोजनाको सञ्चालन सम्वन्धित उपभोक्ता संस्थाले गर्नेछ ।

**१२. जलस्रोत उपयोगको लागि करार गर्न सक्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाउपालिकाकाले कुनै स्वदेशी वा विदेशी कम्पनी संगठित संस्था वा व्यक्ति सित प्रचलित कानुनको अधिनमा रही करार गरी सोही करारमा उल्लेखित शर्तहरु बमोजिम जलस्रोतको उपयोग र सेवा विस्तार गर्न गराउन सक्नेछ

**१३. सेवा उपभोगका शर्तहरु तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउनेः** (१) अनुमति प्राप्त व्यक्ति वा संस्थाले आफुले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन र त्यस्तो सेवा वापतशुल्क असुल उपर गर्नसक्ने छ ।

(२) गाउपालिकाकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलव्ध गराए वापतको सेवा शुल्क तोकिए बमोजिम निर्धारण गरी असुलउपर गर्न सक्नेछ ।

**१४. सेवा रोक्न सक्नेः** सेवा उपभोग गरेवापत बुझाउनुपर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सकिनेछ ।

**१५. अरुको घरजग्गामा प्रवेश गर्न सक्नेः** गाउपालिकाका वा अनुमति प्राप्त व्यक्तिले जलस्रोतको सर्भेक्षण वा उपयोगको सिलसिलामा कसैको घरजग्गामा प्रवेश गर्नु परेमा गाउपालिकाका वा अनुमति प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्वन्धित व्यक्तिलाई पूर्व सुचना दिएर मात्र त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ । त्यसरी प्रवेश गर्दा कुनै हानिनोक्सानी हुन गएमा गाउपालिकाका वा अनुमति प्राप्त व्यक्तिले तोकिए वमोजिम क्षतिपुर्ति दिनुपर्नेछ ।

तर कुनै घरजग्गामा जलस्रोतको अनधिकृत उपयोग वा दुरुपयोग गरीरहेको शंका लागेमा मनासिव माफिकको कारण भएमा सो कुराको जाचँवुझ गर्न वा कुनै दुर्घटनाबाट बचाउन पुर्व सूचना विना पनि त्यस्तो कर्मचारीले सम्वन्धित घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

**१६. अरुको घर जग्गाको उपयोग वा प्राप्तिः** (१) जलस्रोतको उपयोगको लागि देहायको कुनै काम गर्न अरु कसैको घरजग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्तिले गाउपालिकाका समक्ष तोकिए वमोजिम निवेदन दिन सक्नेछ ।

(क) वाँध वा तटवन्ध वाँध्न

(ख) नहर,कुलो वा सुरुङ खन्न

(ग) जमिन मुनी वा माथि पानीको ट्याङ्की वनाउन वा पाइप लाइन विछ्याउन ।

(घ) पोखरी वनाउन वा जलवितरण केन्द्र स्थापना गर्न

(ङ) जलस्रोतको विकास संग सम्वन्धित अरु आवश्यक निर्माण कार्यगर्न

(२) उपदफा (१) वमोजिम निवेदन प्राप्त भएमा गा.पा ले आवश्यक जाँचवुझ गरी प्रचलित कानुन वमोजिम

संगठित संस्थालाई सो सरह अनुमतिपत्र प्राप्त व्यक्ति लाइ त्यस्तो घर जग्गा प्राप्त गराइदिन सक्नेछ

(३) गाउपालिकाले वा अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको विकास वा उपयोग सम्बन्धीकुनै निर्माण कार्य गरेकोमा त्यस्तो निर्माण कार्य भएको ठाउँ वा सो ठाउँको वरिपरि तोकिएको दूरीमापर्ने घर जग्गा अरू कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न नपाउने गरी गाउपालिकाले निषेध गर्न सक्नेछ । त्यसरी निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्ने हानीनोक्सानी वापत गाउपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिएबमोजिम क्षतिपूर्ति दिनुपर्नेछ ।

**१७.जलस्रोतको उपयोगसंग सम्वधित संरचनाको सुरक्षाः** (१) जलस्रोत उपयोगितासंग सम्वन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमति प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयं व्यक्तिले आश्यक ठानेमा गाउपालिकाकाले सुरक्षा प्रवन्ध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त व्यक्तिको अनुरोधमा सुरक्षा प्रवन्ध गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च अनुमति प्राप्त व्यक्तिले व्यहोर्ने छ ।

**१८. जलस्रोतको गुणस्तर तोक्ने** : (१) गाउपालिकाले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जलस्रोतको विभिन्न उपयोगको सम्बन्धमा आवश्यक गुणस्तर तोक्न सक्नेछ ।

(२) जलस्रोतको उपयोग गर्दा उपदफा (१) बमोजिम तोकिएको गुणस्तर कायम हुने गरी गर्नुपर्नेछ ।

**१९. जलस्रोतलाई प्रदूषित गर्न नहुने :** (१) गाउपालिकाले नेपाल राजपत्रमा सूचना प्रकाशित गरीजलस्रोतको प्रदूषण सहन-सीमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको जलस्रोतको प्रदूषण सहन-सीमा नाघ्ने गरी कसैले पनिकुनै किसिमको फोहरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरीजलस्रोतलाई प्रदूषित गर्नु हुँदैन ।

(३) कुनै जलस्रोत प्रदूषित भए नभएको वा कुनै जलस्रोत उपयोगको सम्बन्धमा दफा १८ कोउपदफा (१) बमोजिम तोकिएको गुणस्तर भए नभएको सम्बन्धमा तोकिएको अधिकारीले आवश्यकताअनुसार परीक्षण गर्न गराउन सक्नेछ ।

**२०. वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुने :**जलस्रोतको उपयोग गर्दा भू-क्षय, बाढी, पहिरोवा यस्तै अरू कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नुपर्नेछ ।

**२१. अनुमतिपत्र खारेज गर्न सकिने :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेकोनियम विपरीत कुनै काम गरेमा तोकिएको अधिकारीले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधारगर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले आवश्यक सुधारनगरेमा तोकिएको अधिकारीले त्यस्तो व्यक्तिले पाएको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि तोकिएको अधिकारीले सम्बन्धितअनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

**२२.दण्ड सजायः**(१) कसैले यो ऐन वा यस ऐन अर्न्तगत वनेकोनियम उल्लघंन गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरवाट हानिनोक्सानी रहेछ भने निजवाट त्यस्तै हानी नोक्सानी वापतको क्षतीपुर्ति भराइदिन सक्नेछ ।

(२) कसैले यस ऐन वमोजिम अनुमतिपत्र लिनुपर्नेमा सो नलिइ वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले पाँचहजार रुपैया सम्म जरिवाना र त्यस्तो काम वन्द गराउन सक्नेछ ।

(३) यस ऐन वमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोत वाट उत्पन्न सेवा कसैले चोरीगरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा तोकिएको अधिकारीले निजवाट विगो असुल गरी निजलाई विगो वमोजिमको जरिवाना समेत गर्नसक्नेछ ।

(४) कसैले वदनियत साथ कुनै खानेपानीको मुहान,वाँध,नहर वा जलस्रोतको उपयोग संग सम्वन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पर्ने अन्य कुनै संरचना भत्काएमा, विगारेमा वा कुनै किसिमले हानिनोक्सानी पुर्याएमा वा त्यस्तो कुनै कामगरेको दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजवाट हानिनोक्सानीको विगो असुल गरी निजलाइ प्रचलितकानुन वमोजिम जरिवाना वा दश बर्ष सम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

**२३.पुनरावेदनः**दफा १०, १५ वा १६ वमोजिम दिएको क्षतीपूर्तिको रकममा वा दफा २१ वमोजिम तोकिएको अधिकारीले अनुमतिपत्र खारेज गरेकोमा वा दफा २२ को उपदफा १),(२) वा (३) वमोजिम तोकिएको अधिकारीले दिएको सजायको आदेशमा चित्त नवुझ्ने व्यक्तिले ३५ दिन भित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**२४. नियम बनाउने अधिकारः** (१) यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न गाउपालिकाले नियमहरू बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतया कुनै प्रतिकूल प्रभाव नपर्ने गरी गाउपालिकाले खास गरी देहायका विषयमा नियमहरू बनाउन सक्नेछ :-

(क) खानेपानी,सिचाइ, जल यातायात, औद्योगिक उपयोग,आमोद प्रमोद सम्वन्धि उपयोग र जलस्रोतको यस्तै अन्य उपयोग ।

(ख) जलस्रोत संरक्षण,वाढी नियन्त्रण,पहिरो रोकथाम

(ग) वातावरण संरक्षण

(घ) जलस्रोत उपयोग गरेवापत गाउपालिकाका लाइ वुझाउनु पर्ने शुल्क,दस्तुर सम्वन्धि

(ङ) जलस्रोत उपयोगका विभिन्न तरिकाहरु

(च) जलस्रोतको प्रदुषण रोक्ने विषयहरु

(छ) जलस्रोत उपयोग सम्वन्धि सेवाको स्तर निर्धारण

(ज) जलस्रोत उपयोग वाट हुनसक्ने दुर्घटना र त्यसको जाँचवुझ तथा क्षतिपुर्ति

(झ) उपभोक्ता संस्था समिति र उपभोक्ता सम्वन्धि अन्य व्यवस्थाको साथै उपभोक्ताहरुको हित संरक्षण र सुविधा दिने विषयहरु ।

(ञ) जलस्रोतको विकास तथा उपयोग सम्वन्धि अन्य कुराहरु

**२५. खारेजी र वचाउ :** यो ऐनका कुनै दफा उपदफा वा खण्ड प्रचलित संघिय तथा प्रादेशिक कानुन संग वाझिएको खण्डमा स्वतः खारेजहुनेछन् भने ऐन प्रारम्भ हुनु भन्दा अघिका कानुन वमोजिम गरिएका कामकारवाही यसै ऐन अनुसार भए गरेको मानिनेछ ।

केदारस्युँ गाउँपालिका

केदारस्युँ गाँउपालिका